annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३३ पृष्ठ ८ | काठमाडौं, मंगलबार २४ भदौ २०८२ | आश्विन कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | TUESDAY, SEPTEMBER 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जेन-जीको प्रदर्शनमा गोली प्रहार

## १९ को मृत्यु, ४०० घाइते

भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताले सोमबार गरेको स्वतःस्फूर्त प्रदर्शन अन्ततः हिंसात्मक बनेको छ । त्यस क्रममा काठमाडौंमा १७ र सुनसरीको इटहरीमा भएको यस्तै प्रदर्शनमा २ गरी १९ जनाको मृत्यु भएको छ । काठमाडौं र देशभर गरी कम्तीमा ४ सय घाइते भएका छन् ।

रणमैदानबाट राजकरण महतो


– को रिपोर्ट

समाचार पृष्ठ २




काठमाडौंको नयाँबानेश्वरस्थित संसद् भवनअघि जेन-जी र प्रहरीबीच झडप हुँदै । ● सुनिता ढंगोल

## प्रधानमन्त्री अत्यन्तै दुःखी



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले जेन-जी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा नागरिकहरूले ज्यान गुमाउनु परेकामा अत्यन्त दुःख व्यक्त गरेका छन् । उक्त दुःखद् घटनाले आफूलाई मर्माहत बनाएको उनले जनाएका छन् ।

'हाम्रा छोराछोरी पुस्ताले आफ्ना माग शान्तिपूर्ण रूपमा राख्नेमा हामी आश्वस्त रहेकामा प्रदर्शनमा विभिन्न स्वार्थ केन्द्रबाट भएको घुसपैठका कारण उत्पन्न परिस्थितिले नागरिकको ज्यान जाने दुःखद् परिस्थिति उत्पन्न भयो', सोमबार साँझ विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीले भनेका छन्, 'जेन-जी पुस्ताले राखेको मागप्रति सरकार नकारात्मक थिएन। हामी जेन-जी पुस्ताको मागलाई सुनिरहेका थियौं। तर प्रदर्शनमा भएको घुसपैठले हाम्रा संवैधानिक संस्थाहरूका कार्यालयहरूमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याउने घटनाहरू भए र ती संस्थाका संरचनाहरू जोगाउने प्रयास गर्दा ज्यान जाने अप्रिय स्थिति उत्पन्न भयो।' प्रदर्शनका आयोजक स्वयंले प्रदर्शनमा घुसपैठ भएको थाहा पाएर आजको प्रदर्शन सफल भएको र ढिलो नगरी सबैलाई घर फर्कन आह्वान गरिसकेपछि घुसपैठियाहरूले तोडफोड र आगजनी गरेको उनले उल्लेख गरेका छन् । यसबाट सरकारले राज्यको सम्पत्ति जोगाउन प्रयास गर्नुपर्ने स्थिति उत्पन्न भएको उनको भनाइ छ ।

'सरकारले सामाजिक सञ्जालमा हुने अवाञ्छित कार्यबाट नागरिकलाई जोगाउन एक वर्ष अघिदेखि नै यसलाई नियमन गर्ने प्रयोजनका लागि सम्बन्धित कम्पनीहरूलाई नेपालमा सूचीकरण गर्न पटकपटक आग्रह गर्दै आएको थियो,' प्रधानमन्त्रीको विज्ञप्तिमा भनिएको छ ।

» बाँकी पृष्ठ ३

## राष्ट्रपति मर्माहत



**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकभर सोमबार भएको जेन-जी पुस्ताको प्रदर्शनका क्रममा ठूलो संख्यामा नागरिकको हताहत भएको घटनाले आफू मर्माहत भएको बताएका छन् । उनले मुलुकको वर्तमान परिस्थितिको बारेमा गम्भीर चिन्ता व्यक्त गर्दै भने, 'प्रदर्शनका क्रममा निधन भएका नागरिकका परिवारप्रति गहिरो समवेदना तथा सहानुभूति व्यक्त गर्दछु।' घाइतेहरूको शीघ्र उपचारका लागि उनले सरकारलाई आग्रह गरेका छन्! राष्ट्रपति पौडेलले अप्रत्याशित रूपमा भएको यस्तो घटनाले आफूलाई अत्यन्त चिन्तित तुल्याएको बताए । 'आजको विषम परिस्थितिलाई ध्यानमा राखेर शान्ति र संयमपूर्वक समस्याको निकास निकाल्न सबै पक्ष लाग्नुपर्छ', पौडेलको अपिल छ ।

## सरकारले छानबिन समिति बनाउने

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले जेन–जीहरूले गरेको प्रदर्शनका क्रममा भएको घटनाबारे छानबिन गर्न समिति गठन गरेको छ। सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले १५ सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् बैठकमा सामाजिक सञ्जाल नियमन नगरी खोल्न नसकिने बताएका छन्।

'सभापतिज्यूले पनि भन्नुभएको थियो। तर कम्पनीहरूले खुलेआम रूपले दर्ता गर्दैनौं भनिरहेका छन्। नियमन नगरी यतिकै खोल्न सकिँदैन', प्रधानमन्त्री ओलीले भने। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले पार्टी निर्णयबारे जानकारी दिँदै सामाजिक सञ्जाल सञ्चालन गर्न आग्रह गरेका थिए भने गृहमन्त्री लेखकले पनि राजीनामा दिँदै सामाजिक सञ्जाल खोल्न भनेका थिए।

सामाजिक सञ्जाल बन्दको विषयमा प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीचमा पनि छलफल भएको छ।

## सामाजिक सञ्जाल खोल्ने सरकारको निर्णय



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले निष्क्रिय रहेको सामाजिक सञ्जाल खोल्ने निर्णय गरेको छ। सोमबार अबेर रातिसम्म बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल खोल्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए।

यसअघि सत्ता साझेदार दल नेपाली कांग्रेसले सामाजिक सञ्जाल खोल्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको थियो। कांग्रेसका सभापति शेरबहादुर देउवा आफैं बालुवाटार पुगेर प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गरेका थिए। भेटमा सामाजिक सञ्जाल खुलाउन उनले आग्रह गरेको स्रोतले बताएको छ।

# नरसंहार भइरहँदा सत्तामा बसिरहन सकिनँ : गृहमन्त्री

**राधा खनाल** | *काठमाडौं*

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसबाट सरकारमा सहभागी भएका गृहमन्त्री रमेश लेखकले नैतिकताको आधारमा भन्दै राजीनामा दिएका छन्। पार्टी सभापति शेरबहादुर देउवाले अकस्मात डाकेको पदाधिकारी बैठकमा गृहमन्त्री लेखकले नैतिकताको आधारमा तुरुन्त राजीनामा दिनुपर्ने दबाब आएको थियो। बैठकअघि देउवाले दुई महामन्त्रीसँग जेन-जीको प्रदर्शनबाट उब्जिएका विषय र कांग्रेसले अपनाउनुपर्ने अबको बाटोको विषयमा छलफल गरेका थिए।

महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले नै अहिले सिर्जित अवस्थामा गृहमन्त्रीले राजीनामा दिएर निकास दिनुपर्ने निष्कर्ष निकालेका थिए। शर्माले भने, 'रमेश लेखकजी आफैंमा नैतिकवान् नेता हुनुहुन्छ। उहाँले अहिलेको यो परिस्थितिमा राजीनामा दिएर निकास दिनुपर्छ। सभापतिजी पनि गृहमन्त्रीजीले राजीनामा दिनुपर्छ भन्ने विषयमा सहमत हुनुहुन्छ।' कांग्रेस पदाधिकारी बैठकमा महामन्त्री द्वयलगायतका नेताले लेखकले नैतिकताको आधारमा गृहमन्त्रीबाट राजीनामा दिनुपर्ने एक मात्र माग गरेका थिए।

पूर्वगृहमन्त्रीसमेत रहेका पूर्वमहामन्त्री द्वय विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौलाले जेन-जीको प्रदर्शन सर्वसाधारणको मृत्यु तथा घाइतेप्रति नैतिक



जिम्मेवारी लिँदै राजीनामा दिन गृहमन्त्री लेखकलाई सुझाव दिएका थिए।

देउवा उक्त विषयमा मौन रहेपछि लेखकले मन्त्रिपरिषद् बैठक बसिरहेको हुनाले राजीनामा दिने भन्दै बूढानीलकण्ठबाट हिँडेका थिए। त्यसो त कांग्रेसभित्र भने संस्थापन इतर पक्षका नेताहरूले सामाजिक सञ्जालमै आफ्ना धारणा साझा गर्दै गृहमन्त्री लेखकले तत्काल राजीनामा दिनुपर्ने विषय उठाएका थिए।

२०८१ असार ३१ मा गृहमन्त्री बनेका थिए। लेखकले भने, 'यत्रो मानवीय नरसंहार भइसकेपछि मैले नैतिकताका आधारमा पनि राजीनामा दिनुपर्छ। बैठकमा पनि भनेको छु। राजीनामा स्वतःस्फूर्त दिएको हो।' कांग्रेस नेता शेखर कोइरालाले भने गृहमन्त्रीले मात्रै नभएर पार्टीले नै सरकार छाड्नुपर्ने बताएका थिए। 'गृहमन्त्रीले मात्रै होइन, कांग्रेस पार्टीले वर्तमान सरकारबाट अलग हुनुपर्छ। आजबाट वर्तमान सरकारको औचित्य पूरै समाप्त भएको छ', उनले भने, 'लोकतन्त्रमा आफ्ना कुकृत्य लुकाउन सामाजिक सञ्जाल बन्द गर्नु अधिनायकबाट भन्दा अरू के होला र? यो अवस्थामा कांग्रेस अब सत्तामा बसिरहनु उचित हुँदैन।'

बैठकमा सहभागी एक नेताले एमालेसँगको सातबुँदे समझदारी अन्त्य गर्दै सत्ता सहकार्य अन्त्य गरौं भनेर महामन्त्रीलगायतका नेताले प्रस्ताव लगेको बताए। बैठकमा एमालेमा विकल्पको नेता खोजौं भन्ने विषय पनि उठेको थियो। नेता विमलेन्द्र निधिले एमालेसँगको सत्ता सहयात्राबारे पुनर्विचार गर्नुपर्नेमा जोड दिएका थिए। निधिले बैठकमा राखेको विषय सुनाए, 'सरकारमा भएर ब्रान्डिङ गर्न लायक काम के गरियो त? त्यसै यति धेरै आक्रोश बढेको हो? त्यसैले सातबुँदे सहमतिको जगमा भइरहेको एमालेसँगको सहकार्यबारे सोच्नुपर्ने भयो।'

बैठकमा सहभागीले तत्कालै सञ्जालहरू खोल्नुपर्ने दबाब दिएपछि बैठकस्थलबाटै सभापति देउवाले प्रधानमन्त्रीलाई फोन गरेर सञ्जाल खोल्न आग्रह गरेका थिए।

» बाँकी पृष्ठ ३

## भावपूर्ण श्रद्धाञ्जलि !

## हार्दिक आह्वान !!

**प्रिय जेन–जी भाइ–बहिनी,**

तपाईंहरूको आह्वानमा सोमबार भएको देशव्यापी प्रदर्शनका क्रममा १९ युवाको निधन र धेरै जना घाइते हुनुभएको घटनाले अत्यन्त दुःखित तुल्याएको छ । अन्नपूर्ण मिडिया नेटवर्क परिवार दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धाञ्जलि तथा पीडित परिवारमा गहिरो समवेदना व्यक्त गर्दछ । साथै, घाइतेको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

आन्दोलन अहिंसात्मक, शान्तिपूर्ण र रचनात्मक हुने अपेक्षाविपरीत घुसपैठका कारण अप्रिय बन्न पुगेको छ । यसमा सरकारले संयम अपनाउन र सुरक्षा संवेदनशीलताको पूर्वानुमान लगाउन सक्नुपर्थ्यो ।

जेन–जीलाई हामीले नयाँ सोच, नयाँ ऊर्जा र नयाँ आकांक्षाको पुस्ता भनेर सम्मान गर्छौं । तपाईंहरूले उठाएको आवाज राजनीतिमा पारदर्शिता, जवाफदेहिता र सुधारको माग हो, जुन एकदमै सराहनीय एवं सकारात्मक छ ।

तपाईंहरूको अभियान राष्ट्रिय संकल्प बन्नुपर्छ । तपाईंहरूका मागलाई सरकारले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ । जहाँसम्म एउटा माग सामाजिक सञ्जालमाथि सरकारी अवरोधमा केन्द्रित छ, त्यो सामान्य असमझदारी मात्र हो । राज्यको नीति मान्नु, नियमानुसार दर्ता हुनु र कर तिर्नु हरेक स्वदेशी–विदेशी व्यवसायीको दायित्व हो । संसारभरि यस्तो नियम छ । छिमेकी मुलुकको उदाहरण हेर्ने हो भने, त्यहाँ गुगल र फेसबुकजस्ता बहुराष्ट्रिय डिजिटल कम्पनीहरूले दर्ता भई १८ प्रतिशत जीएसटी तिरिरहेका छन् । गत वर्ष मात्र यी दुई कम्पनीले १० हजार करोडको व्यापार गरेर २ सय करोड कर बुझाएको त्यहाँको सरकारी तथ्यांकले देखाउँछ ।

नेपाल सरकारले अब सामाजिक सञ्जाल निष्क्रियताको निर्णय फिर्ता पनि लिइसकेको छ ।

**प्रिय जेन–जी भाइ–बहिनी,**

तपाईंहरूको ऊर्जा, जागरण र विचारशक्ति नै नेपाल आमाको भविष्य निर्माण हो । यही उत्साहशक्ति राष्ट्र निर्माणमा प्रयोग गर्न सकिन्छ ।

आउनुस्, मिलेर देशलाई शान्त र समृद्ध बनाऔं ।

**अन्नपूर्ण मिडिया नेटवर्क**

